राष्ट्रियता, लोकतन्त्र र समाजवाद



## हार्दिक आभार



मलाई नेपाली कांग्रेसको **केन्द्रीय सदस्य** पदमा निर्वाचित गराउनु हुने सम्पूर्ण महाधिवेशन प्रतिनिधि ज्यूहरू, महासमिति सदस्य ज्यूहरू, जिल्ला तथा क्षेत्रीय सभापति ज्यूहरू एवं सम्पूर्ण शुभचिन्तक तथा सहयोगीहरूमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पूर्ण निष्ठा, इमानदारिता र लगनशीलताका साथ उक्त जिम्बेवारी पूरा गर्ने प्रतिज्ञा गर्दछु । जय नेपाल !

**गणेश लामा**
**केन्द्रीय सदस्य**
**नेपाली कांग्रेस**


# नागरिक निगरानी
मासिक

वर्ष १०, अङ्क ६, पौष २०७८ Nagarik Nigarani Monthly





# विकास र वहश

**नेपालमा कृषिको आधुनिकीकरण र किसानको हित**

**जिप छिरिङ लामाको राजनीतिक यात्रा**

The stopped spiritual development in the Western culture

राष्ट्रियता, लोकतन्त्र र समाजवाद

नेपाली कांग्रेस
१४ औं महाधिवेशन

# हार्दिक आभार

मलाई नेपाली कांग्रेसको केन्द्रीय सदस्य पदमा निर्वाचित गराउनु हुने सम्पूर्ण महाधिवेशन प्रतिनिधि ज्यूहरू, महासमिति सदस्य ज्यूहरू, जिल्ला तथा क्षेत्रीय सभापति ज्यूहरू एवं सम्पूर्ण शुभचिन्तक तथा सहयोगीहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पूर्ण निष्ठा, इमानदारिता र लगनशीलताका साथ उक्त जिम्बेवारी पूरा गर्ने प्रतिज्ञा गर्दछु। जय नेपाल!



**अम्बिका बस्नेत**
**केन्द्रीय सदस्य**
नेपाली कांग्रेस

---

राष्ट्रियता, लोकतन्त्र र समाजवाद

नेपाली कांग्रेस
१४ औं महाधिवेशन

# हार्दिक आभार तथा शुभकामना



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत गोकर्णेश्वर नगरपालिकाको नगर अधिवेशनबाट सभापतिमा निर्वाचित गराउनु हुन प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित नगर समिति तथा प्रतिनिधि साथीहरू सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय नेपाल!

**कुमार लामा**
**नगर सभापति**
**गोकर्णेश्वर नगर समिति**
नेपाली कांग्रेस

---

राष्ट्रियता, लोकतन्त्र र समाजवाद

नेपाली कांग्रेस
१४ औं महाधिवेशन

# हार्दिक आभार



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत काठमाडौं क्षेत्र नं. ३ को अधिवेशनबाट सभापतिमा निर्वाचित गराउनु हुन प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित क्षेत्रीय समिति तथा प्रतिनिधि साथीहरू सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु।

जय नेपाल!

**सन्तोष चालिसे**
**क्षेत्रीय सभापति**
**काठमाडौं क्षेत्र नं. ३**
नेपाली कांग्रेस

---

राष्ट्रियता, लोकतन्त्र र समाजवाद

## हार्दिक आभार तथा शुभकामना



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत काठमाडौं क्षेत्र नं. ३ प्रदेश (ख) सभापतिमा निर्वाचित गराउनु हुन प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित प्रदेश समिति तथा प्रतिनिधि साथीहरू सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

**विमल ठकुरी**
**प्रदेश सभा (ख) सभापति**
**काठमाडौं क्षेत्र नं. ३**
नेपाली कांग्रेस

---

राष्ट्रियता, लोकतन्त्र र समाजवाद

## हार्दिक आभार तथा शुभकामना



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत काठमाडौं क्षेत्र नं. ३ प्रदेश (क) सभापतिमा निर्वाचित गराउनु हुन प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित प्रदेश समिति तथा प्रतिनिधि साथीहरू सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।

**श्रीराम चालिसे (राज)**
**प्रदेश सभा (क) सभापति**
**काठमाडौं क्षेत्र नं. ३**
नेपाली कांग्रेस

राष्ट्रियता, लोकतन्त्र र समाजवाद



नेपाली कांग्रेस
१४ औं महाधिवेशन



# हार्दिक आभार

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत काठमाडौं क्षेत्र नं. ३ को अधिवेशनमा मलाई सचिवको प्रत्यासीको रुपमा प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित क्षेत्रीय समितिका पदाधिकारी तथा प्रतिनिधि साथीहरु सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल !

**मनोज कुमार ढुंगाना**
क्षेत्रीय सचिवका प्रत्यासी
**काठमाडौं क्षेत्र नं. ३**
नेपाली कांग्रेस

राष्ट्रियता, लोकतन्त्र र समाजवाद



नेपाली कांग्रेस
१४ औं महाधिवेशन



# हार्दिक आभार तथा शुभकामना

नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत इकाई देखि केन्द्रसम्मको अधिवेशनबाट निर्वाचित हुनु भएका सम्पुर्ण पदाधिकारी लगायत समिति सदस्य तथा प्रतिनिधीहरुलाई हार्दिक बधाई व्यक्त गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल !

**फुर्साङ लामा**
केन्द्रीय सदस्य
**नेपाल लोकतान्त्रिक खेलकुद संघ**
नेपाली कांग्रेस

मुल्य रु. ५०/-

का.जि.प्र.का.द.नं. १११/०६७/०६८

नागरिक निगरानी

राष्ट्रिय मासिक

वर्ष १०, अंक ६, पौष २०७८

संरक्षक
(आनी) भिमसुवा गुरुङ
लाङटाङ मिडिया प्रा.लि.का लागि

प्रकाशक/सम्पादक
रविराज रिमाल

प्रबन्ध निर्देशक
आशिष लामा

सम्वाददाता
सुचिन गुरुङ
यज्ञ राज भट्ट

व्यवस्थापक
रिता यसमाली मगर

कार्यालय
बौद्ध-६, काठमाडौं

सम्पर्क कार्यालय
सिनामंगल, काठमाडौं

सम्पर्क नं. ९८४१०७१४५०

मुद्रण : हारती अफसेट प्रेस, बागबजार
४२५७२७२

नागरिक निगरानी

हामीलाई सम्पर्क गर्नुहोस् :

- कुनै सल्लाह, सुझाव, प्रतिक्रिया भएमा,
- लेख, रचना, समाचार, व्यवसायिक विज्ञापन प्रकाशन गर्नु परेमा, ग्राहक बन्नु परेमा,
- सम्पर्क नं. ९८४१०७१४५०
E-mail: nagariknigarani@gmail.com

# महाधिवेशनको सरगर्मी र दीर्घकालिन राजनीतिक प्रभाव

काठमाडौं । गत २ महिना नेपालको राजनीतिमा महत्वपूर्ण रह्यो । अबका आगामी महिनाहरूमा स्थानीय चुनाव लगायतको सन्निकटताले राजनीतिक बहसको पारो बढाउने पनि निश्चित छ । दुई महिना यता नेकपा (एमाले), नेपाली कांग्रेस र राप्रपाले आफ्नो राष्ट्रिय महाधिवेशन सम्पन्न गरेका छन् । पुष महिनामा नेकपा ( माओवादी केन्द्र) को राष्ट्रिय सम्मेलन हुँदैछ ।

यो वर्षको मंसिर महिना नेपालका प्रमुख राजनीतिक दलहरूका निम्ति महाधिवेशन तथा राष्ट्रिय सम्मेलनको महिना परिणत भएको थियो । सांगठनिक निर्वाचनहरू समयमै सम्पन्न भइरहेका कारण निर्धारित मितिमा पार्टीको महाधिवेशन सफलतापूर्वक सम्पन्न हुने अपेक्षा गर्न सकिन्छ । सत्ताधारीदलको एक प्रमुखघटक नेकपा माओवादी केन्; पनि आफ्नो राष्ट्रिय सम्मेलनको तैयारी जुटेको छ । राष्ट्रिय सम्मेलन पनि एक किसिमको महाधिवेशन नै हो ।

मधेसवादी राजनीतिक दलहरू पाँच वर्ष पूरा हुनुभन्दा अघि नै विभाजित भइहाल्छन् । नयाँ तरिकाले एकीकरण गर्छन् र फेरि विभाजित भइहाल्छन् । मधेशवादी दललाई पार्टीको नामकरण र नेतृत्वको स्थायित्व जबसम्म प्राप्त हुनेछैन, तबसम्म यो महाधिवेशको तैयारीमा जुटने छैन । मंसिर महिना सम्ममा सम्पन्न महाधिवेशनहरूमा सत्ताधारी नेपाली कांग्रेस भित्र नेतृत्वको विषयलाई लिएर व्यापक मत मतान्तर रहेको थियो र अन्य दलहरूमा भने वर्तमान नेतृत्वले नै निरन्तता पाइरहने निश्चित थियो ।

देशको सबैभन्दा पुरानो एवं ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेसको महाधिवेशतिर देश विदेशको आँखा केन्ति्त रहेको थियो । त्यसै अनुसार कांग्रेसको केन्द्रीय महाधिवेशन प्रतिस्पर्धात्मक रह्यो । सभापतिको उम्मेदवार ५ जना थिए । रुपान्तरणको नारा दिई सभापति देउवाको विकल्प खोज्नेहरूले साझा उम्मेदवार दिन सकेनन् । फलस्वरूप सभापतिमा पुनःदेउवा विजयी भए । प्यानल अनुसार चुनावी प्रतिस्पर्धा देखिए पनि महामन्त्रीमा इतर समुहबाट युवा नेता गगन थापा र विश्वप्रकाश शर्मा विजयी भए । केन्द्रीय समितिमा युवा सहितका नयाँ अनुहारहरूले ठाउँ पाएका छन् ।

कांग्रेसको आन्तरिक प्रतिस्पर्धामा लोकतान्त्रिक अधिकारको उपयोग प्रतिनिधिले गर्न पाएको देखिन्छ । नेकपा एमाले र माओवादी केन्द्रमा जनवादी केन्द्रीयता लाद्ने प्रयास भएको देखिएको छ । त्यस्तै राप्रपाको केन्द्रीय समिति कडा प्रतिस्पर्धाको बीचबाट आयो । समग्रमा यस वर्ष नेपाली राजनीतिमा दलहरूको आन्तरिक नेतृत्व चयनमा पहिले भन्दा फरक पनि र केही नयाँ अभ्यास पनि भएको छ । त्यसले आगामी स्थानीय देखि केन्द्रीय तहसम्मको निर्वाचनमाप्रभाव पार्ने निश्चित छ ।

कांग्रेस र राप्रपाले नेतृत्वको लागि कडा आन्तरिक प्रतिस्पर्धा गरे । एमाले र माओवादी केन्द्रमा शिर्षस्थ नेताको सटनपटन हावि देखियो । यसले पार्टीको जीवनमा पक्कै प्रभाव पर्नेछ । सुचना र सञ्चारको आजको युगमा नेपाली मतदाताहरूले महत्वपूर्ण अवसर पाएका छन् कि सिद्धान्त, व्यवहार, विधि पद्धतिमा आधारित राजनीति के हो ? त्यसको चर्चा आम जनस्तरसम्म पुगेको छ । यसको प्रभाव आगामी चुनावमा देखिने छ किनभने नेपालीहरूको राजनीतिक सुझबुझ बढीरहेको छ भने आमसञ्चार देखि सामाजिक सञ्जालसम्म आम युवावर्गले देशको राजनीतिको बारेमा आफ्नो प्रष्ट धारणा राखिरहेको छ ।

अहिले संवैधानिक बाध्यताका कारण पनि देशका राजनीतिक दलहरू महाधिवेशन गर्न बाध्य भएका छन् । महाधिवेशनबाट लोकतान्त्रिक अभ्यास पनि भइहाल्दछ र नेतृत्वको परिवर्तन अथवा नवीकरण पनि । लोकतन्त्रको कृत्रिम अभ्यासले न त पार्टी संगठन, नत देशको राजनीतिलाई नै लाभ पुर्याउनुपर्नेछ ।

जनताको प्रत्यक्ष हितसँग सम्बन्धित विषयलाई महाधिवेशन पछि नयाँ नेतृत्वले कसरी काम गर्दै रहेछ त्यो हेर्न नेपाली जनता उत्सुक छन् । महाधिवेशनको यि केही महिनाले आम जनतामा राजनीतिक बहस र सुझबुझ बढाउने छ । तर त्यसको प्रभाव जनस्तरमा के पर्छ आगामी तीन स्तरको चुनावको परिणामले बताउला ।

# विकास र वहश




नेपालमा विकासको वहश राजनीतिक वृत्तमा खुम्चिएको छ । विकास जनताको लागि हो तर जसका लागि विकास चाहिएको हो । त्यो वर्ग विकासको अवधारण, प्रक्रिया र परिणातीलाई व्यवस्थित रुपमा लेखाजोखा गर्ने सामर्थ्य राख्दैन या जानकारीको अभावमा विकासको वहश आम जनताको पहुँचबाट टाढा रहेको छ ।

वास्तवमाराज्यकोष जनताको खुन पसिना हो । त्यसको खर्चको पहिलो अधिकार जनताले राख्दछ । जनताले तिरेको करबाट राज्यकोष बन्ने हो र त्यसै राज्यकोषबाट जनताको विकासको योजना बन्ने हो ।जन चाहना अनुसार चल्ने व्यवस्थालाई लोकतन्त्र भनिएको हो जनताको पैसा खर्च गर्ने व्यवस्थापकीय पाटो भनेको राज्य व्यवस्थाको हो । राज्य वा सरकारले जनताको आवश्यकता पहिचानका आधारमा राज्यकोषको संरक्षण र पारदर्शी वितरण प्रणाली मार्फत खर्चको विधि विधान कार्यन्वयन गर्ने हो । जनताले चुनेका जनप्रतिनिधि त्यसको निति निर्माता हुन् । व्यवस्थापन कार्यान्वयनको परिपाटिमा राज्य मातहतका कर्मचारी प्रशासनको जिम्मेवारी हुनुपर्दछ ।

तर नेपालमा जिम्वेवार प्रशासन छैन । प्रशासन छ तर राजनीतिले गाँजिएको छ । यसले जनताको आवश्यकता अनुसार काम गर्न सक्दैन । प्रशासन केही नेताको चाहनामा बग्नु पर्ने अवस्था जबरजस्ती सिर्जना भएको छ । देशमा विकास भएन भन्ने गुनासो चारैतिर सुनिन्छ । राम्रो व्यवस्थाको अभावमा देश नवनेको हो भन्दै राज्य व्यवस्था पनि पटक पटक फेरियो तर जनताको अवस्था फेरिएको छैन । व्यवस्था फेरिएर मात्र कहाँ विकास हुँदो रहेछ र ? यहाँ त व्यवस्थासँगै जनता जनार्दन मान्ने संस्कारको विकास नभएसम्म अवस्था जहाँको त्यही हुन्छन् । विकासको कुरा उठ्ने वित्तिकै हामीमा एउटा तरंग उठ्छ । हामी आजभोली प्रत्येक दिनजसो विकासका लागि छलफल गर्छौं । वादविवाद, वहस र विमर्श पनि गरेका हुन्छौं ।

विकासको सर्वमान्य परिभाषा छैन । यो परिवर्तनशील भएकाले अनेकौ आवश्यकता र परिस्थिति अनुसार विकासको मान्यतामा पनि फेरवदल आइरहन्छ । आज पनि हामीवीच विकास सरकारले गरिदिने र जनताले माग्ने चीज हो भन्ने हाम्रो बुझाइ छ । यो बुझाइले के देखाउँछ भने, कोही दाता अर्थात (मालिक) का रुपमा त कोही माग गर्ने वा याचक अर्थात (दास) का रुपमा हेरिने हाम्रो अवस्था विद्यमान

छ । सिधा अर्थमा भन्दा जनमतबाट निर्वाचित भएका जनप्रतिनिधि जनसेवक हुन् भन्ने मान्यता त्यत्तिबेला च्यूत भयो कि, जब जनप्रतिनिधिका रूपमा जनप्रतिनिधि निर्वाचित हुन्छन् । उनीहरू मालिक भएको अभिमत प्रकट गरेर त्यो ओहोदामा पुर्‍याइदिने जनता दास । यो कस्तो विडम्बना ।

यो निकै दयनीय परिणति हो । जो निर्माणकर्ता हो त्यसलाई भिखारी बनाएर, निर्माणकर्ताको मतदानबाट आएका व्यक्ति विषेशहरू मालिक बन्ने प्रथा कुनै पनि लोकतान्त्रिक विधि मूल्य मान्यता राख्न सक्दैन । जहिलेसम्म जनता मालिक हुन पाउँदैनन् र जनप्रतिनिधि जनताका सेवक हुँदैनन् तबसम्म यो संस्कार र परिपाटिबाट देशको विकास हुँदैन । तिनै शासकहरूको मनमर्जिले राज्यकोष दुरूपयोग भइरहन्छ । यथार्थ त मालिक जनता हुन् दास जनप्रतिनिधि नै हुनुपर्दछ । उनीहरू मालिक बन्न जनताले मत दिएका पनि होईनन् । जनमतको अवमूल्यन गर्नेहरू जनप्रतिनिधिका हैसियत पात्र पनि होइनन् र हुँदैनन् । सचेत जनता यत्ति जान्दछन् । हामीले चुनेर बनाएका प्रतिनिधि हामीलाई नमस्कार गर्ने परिपाटि र संस्कार नभएसम्म हामी दासका आधारमा उनीहरूलाई नमस्कार गर्नुको औचित्य छैन । जनमतको मानमर्दन नगर्नेहरूलाई हामी जनताले मानमर्दन गर्ने पर्ने कही कुनै ठाउँमा लिखित कानुन छैन । यदी उनीहरू त्यस्तो कानुन बनाउँछन भने त्यो जनमतको बर्खिलाप छ त्यो मान्य हुनै सक्दैन ।

संस्कार र संस्कृति बिनाको विकास बहशमा आज हामी छौं । नीति, थीति र रीति मिल्ने ठाउँमा बसेर हामीले गरिरहेको देशको विकास बहश बेकारको हो । पहिला जनमतको कदर र जनताको आवश्यकता पहिचानमूखी विकास नीति बन्नु पर्छ अनी बल्ल हामी विकास निर्माणमा जनसहभागिता सहतिको नीतिगत खाकामा सहमत हुन सक्दछौं । कसैको निगाह भयो भने विकास हुने, कसैले उपेक्षा गर्‍यो भने विकास नहुने अवस्था जो आज छ । कहाँ के विकास गर्ने भन्ने हाम्रो एकीकृत योजना आज हामीकहाँ छैन । हिजो देशमा अस्थिर सरकार भएको कारण देखाइयो जस्ले विकास भएन भनेर हल्ला पिटियो । २०औं वर्षसम्म स्थानीय निकाय खाली भयो । राजनैतिक मोलाहिजाको परिपाटिमा देश चल्यो । राज्यकोषको अनुगमन नहुँदा भ्रष्टचार बढ्यो, सदाचारको धज्जी उडाइयो । त्यस विषयलाई लिएर प्रचारका लागि विकास बजेटको सदुपयोग भएन भनियो । आज देशमा स्थानीय सरकार पनि छ, प्रदेश र संघीय सरकारको ढाँचामा देश चलेको छ । भट्ट हेर्दा व्यवस्था फेरिएको जस्तो देखिन्छ । आम नागरिकमा यही भनिएको छ । कसैलाई हो जस्तो पनि लाग्ला । केन्द्रको अधिकार स्थानीय तहसम्म आएको पनि भन्ने गरिन्छ । हिजोको जस्तो अवस्था परिपाटि बदलियो भनेर हो–हल्ला पनि बेस्सरी भएका छन् । मूलत: विकृत्तिजन्य संस्कार र परिपाटि हामीमाझ जस्ताका तस्तै छन् जो हिजो थियो । हिजो राज्यकोषमा राजनैतिक मोलाहिजा गर्नेहरू जनप्रतिनिधिका नाममा आएका छन् । जनतालाई मत माग्दा पानीको धारो बनाईदिन्छु भन्नेहरू त्यही धारो कमशल बनाएर राज्यकोषमा लामो हात गर्दैछन् । बिजुली, पानी, औषधि, सडक, पुल पुलेसा, बालबच्चा पढ्ने स्कूल, स्वास्थ्यचौकी, सुरक्षा प्रबन्धका लागि सेक्युरिटि, संस्कार रिति थिति अनुसार मठ् मन्दिर, सामुदायिक भवन, खेलमैदान, यातायात सेवा प्रदान गर्छु, मलाई मतदान गर्नुस् , भन्नेहरूको चर्तिकला आज दलालमूखी बनेको यथार्थता छ । राज्यकोष जनताको पसिना हो । त्यसको निर्माताका पेटमा लात हानेर त्यो बजेट अपचलनमा लागेका जनप्रतिनिधिबाट जनता के आसा भरोशा गर्न सक्लान? सुन्दा अकल्पिनीय लाग्छ, विषय विडम्बनापूर्ण छ ।

आज देश विधिको शासनमा चलेको भए यो देश बनाउने लाखौं युवाहरू आफ्नो देश निर्माणमा हुन्थे । राज्यको नीतिगत व्यवस्था पारदर्शी र शुसासनयुक्त प्रणालीको व्यवस्थापन गरिएको भए आजपनि दैनिकजसो १८ सय युवाहरू विदेशिने थिएनन् । प्रशस्त रोजगारीको सम्भावना यहीं छ । सरकारी नीति र सहयोगको आवश्यकता थियो । देशको मुद्रा निर्यात भइरहेको छ र विदेशी सामान आयात भइरहेको छ । कृषिका लागि हामीसँग जनशक्ति छैन, अन्न, तरकारी, फलफूल र मासुजन्य पदार्थ प्रशस्त आयात हुँदैछ र हाम्रो जमिन बाँझै छ । अपार जलसम्पदा बगेर खेर गइराखेको छ । एक वर्षमा २ लाख युवाहरूलाई काम हेरेर १ लाख ऋण बिनाधितो उपलब्ध गराएको भए १० वर्षमा २० लाख युवाहरूले रोजगारी सिर्जना गर्न सक्थे र उनीहरूले एकजना मात्र सहयोगी राखे पनि ४० लाख युवाहरू रोजगारीमा हुन्थे । देश आत्मनिर्भरताको मार्गमा अघि बढ्थ्यो ।

हामी जनता विकास भनेर काकाकुल जस्तै भएका छौं, विकासका सम्भावना त्यसै खेर गएका छन । थोरै धेरै संकलन भएको राज्यकोषमाथि जनताबाटै निर्वाचित भएका जनप्रतिनिधिका खुलेआम लामो हात गरेको जनताले नदेखेका होईनन् । जनता भद्र छन । लाग्दो हो जनता हप्काएर

**विकास गर्नका लागि हाम्रो शिक्षाले मानिसलाई श्रमप्रति सम्मान भाव राख्न सिकाउनु पर्दछ। आज जति पनि समाज, मुलुक, व्यक्तिहरू माथि उठेका छन ती सबैको मुख्य कारण श्रम हो। श्रम नगरी कोही माथि उठ्दैन। मानिसलाई सुन्दरता मन पर्छ, सुन्दर चीज श्रमबाट निःसृत हुन्छ। विकास गर्ने कुरा गर्छौं तर विकास कसरी हुन्छ भन्ने मार्ग नै पहिल्याउन सकेका छैनौं। विकास कोही कसैले गरिदिने कुरा होइन, जनताको आफ्नो आवश्यकता र पहलकदमीबाट हुने विकास नै साँचो विकास हो।**

मालिक बन्यौ भन्नेहरूलाई यो रजाइं जीवन्त चल्छ। दुस्साहस त त्यसबेलासम्म चल्छ जबसम्म निधामाथि बलियो भान हुन्छ। निर्धा जनताको नाँगो शरीरमाथि राजनैतिक रंग लगाएर गरिएको पापकर्मले एक दिन तिमीलाई नडुबाँदा त्यसबेला तिम्रो चेतले काम गरेछ भने महसुस हुने छ। अपार शक्ति त जनतामा छ म त्यसको दुरूपयोग गरेर नर्कमा पुगेछु।

अनौठा लाग्ने घटनाहरू देख्न पाइएको छ। श्रद्धा र भक्तिको प्रतिक मन्दिरमा शीर निहुराएर बर माग्ने थलोको विकास गर्ने नाममा त्यही भगवानको दलानबाट भ्रष्टाचार हुन्छ। लक्ष्मी प्रतिक मान्ने मुलुकका मान्छेहरू कर्मले होईन अधर्मले द्रव्य आर्जन गर्ने हिम्मत गर्छन। गरिबका पसिनाबाट आर्जित करबाट खनिएका बाटोमा धनीहरूका मात्र गाडी गुड्छन। गरिब जनतासँग गाडी चढ्ने पैसा छैन। गरीबहरूले काम पाउन सकेका छैनन। जनता सामान्य बिरामी पर्दा उपचार गर्ने थातथलो छैन, तिनका मतबाट मन्त्री, साँसद बनेकाहरू जनताकै पैसा खर्चेर बिदेश पुगेर उपचार गर्छन। गाउँमा शान्ति सुरक्षाको लागि नजिक प्रहरी कार्यालय छैन, जनप्रतिनिधि भएकाहरू आफ्ना सुरक्षार्थ सेक्युरिटि राख्छन पैसा जनताको खर्च हुन्छ। भोका नाँगा जनताका बालबच्चा पढ्ने स्कूल छैन। बढेको खोला वारपार गर्ने पुल पुलेसा छैनन्। सुत्केरी महिलाले नजिक स्वास्थ्यकर्मी नपाएर अकालमा ज्यान हाल्छिन्। यस्तो मुलुकमा जनप्रतिनिधि भएकाहरू विभिन्न ओहोदाका सल्लाहकार राखेर राज्यकोष दुरूपयोग गर्छन। जहाँ जनताको बिचल्ली छ, उनीहरूको पैसा खाएर के सल्लाह दिन्छन ति सल्लाहकारहरू ? बेथितिको सिमा छैन।

विकासका लागि एकीकृत योजना हामीसँग हुनु जरूरी छ। सरकारी निकायको बीचमा आपसी समन्वय छैन। विकासका संरचनाहरू हामीसँग तीन तहका छन, केन्द्र, प्रदेश र गाउँ। यसका अतिरिक्त थुप्रै सरकारी निकायहरू जनतालाई सेवा दिन खडा गरिएका छन। जे जति सरकारी संयन्त्र र निकायहरू छन उनीहरूको सम्बन्ध जनतासँग छँदै छैन। छ त केवल तिनै जनप्रतिनिधि र उनका आसपासका मान्छेहरू अनी केही सिमित टाँठाबाठा मान्छेहरूसँग। जनताका लागि खडा भएका सरकारी संस्थाहरू जबसम्म जनस्तरमा पुग्दैनन् तबसम्म यहाँको विकास र विनियोजित बजेटको सही कार्यान्वयन हुँदैन। कारण जति वर्ष कार्यक्रम ल्याएपनि परिणाम केही आउँदैन। राज्यले कर्मचारी बुढो बनाउने र पढाउने काम भन्दा अरू केही गर्दैन।

विकास भनेको भौतिक संरचना निर्माण गर्नु हो भन्ने हाम्रो बुझाइ छ। यो बुझाइले मात्र विकासलाई पूर्ण बनाउन सक्दैन। बाटो, पुल, बिजुली, विद्यालय, विश्वविद्यालयलगायतका संरचना बनाउँदैमा पुग्दैन। मानिसहरूलाई सीप, ज्ञान आदिले सुसज्जित पार्नुपर्दछ। प्राकृतिक साधनस्रोतको संरक्षण पनि विकास हो भन्ने हामीले बुझ्न जरूरी छ। विकास गर्नका लागि हाम्रो शिक्षाले मानिसलाई श्रमप्रति सम्मान भाव राख्न सिकाउनुपर्दछ। आज जति पनि समाज, मुलुक, व्यक्तिहरू माथि उठेका छन ती सबैको मुख्य कारण श्रम हो। श्रम नगरी कोही माथि उठ्दैन। मानिसलाई सुन्दरता मन पर्छ, सुन्दर चीज श्रमबाट निःसृत हुन्छ। विकास गर्ने कुरा गर्छौं तर विकास कसरी हुन्छ भन्ने मार्ग नै पहिल्याउन सकेका छैनौं। विकास कोही कसैले गरिदिने कुरा होइन, जनताको आफ्नो आवश्यकता र पहलकदमीबाट हुने विकास नै साँचो विकास हो। हाम्रो देशमा विकासको आफ्नो मोडेल छैन। विदेशीले जे–जे गर भन्छन त्यही हामी विकासको नाममा गर्दैछौं। उद्योग मन्त्रालय, राष्ट्रिय योजना आयोग, भौतिक योजना, स्थानीय विकास, सहकारी, कृषि, ऊर्जा, निर्माण, श्रमलगायतका मन्त्रालयहरूका २० वर्षे योजना एकीकृत योजना हुनुपर्दछ। भाषण गरेर विकास हुन्न। शिक्षा र योजनाको माध्यमले विकास गर्न सकिन्छ। यस्ति जान्ने जनप्रतिनिधि जबसम्म जनताले चुन्न सक्दैनन् तबसम्म यो परिपाटि र संस्कारबाट आएका मान्छेहरूबाट नेपाल फेरिने छाँटकाँट छैन। जो राज्यकोषमा लामो हात गरेर दैनिक बदनामी भइरहेका हुन्छन्। (राम सुवेदी)

# कांग्रेस काठमाण्डौ क्षेत्र नं ३ को सभापतिमा सन्तोष चालिसे





काठमाण्डौ । नेपाली कांग्रेस काठमाण्डौ क्षेत्र नं ३ को सभापतिमा सन्तोष चालिसे निर्वाचित भएका छन् । क्षेत्रीय अधिवेसनमा भएको निर्वाचनमा गोकर्णेश्वर नगरपालिकाका प्रमुख समेत रहेका चालिसेले २०५ मत पाएका थिए ।

विपी संग्रहालय सुन्दरीजलमा भएको निर्वाचनमा ३६६ मत खसेको थियो । जसमा चालिसेका प्रतिस्पर्धी काठमाण्डौ महानगरपालिका वडा नं ६ का अध्यक्ष दिपेन्द्र लामाले १५९ मत प्राप्त गरेका थिए ।

त्यस्तै नेपाली कांग्रेस काठमाण्डौ क्षेत्र नं ३ को सचिवमा दिपक रिसाल र भुवन लामा निर्वाचित भएका छन् । सो अधिवेशनमा रिसालले २१३ र लामाले १८५ मत पाएका थिए ।

## हरिबोल भण्डारीलाइ सबैभन्दा धेरै मत


हरिबोल भण्डारी

काठमाडौं । नेपाली कांग्रेसका युवा नेता हरिबोल भण्डारीले काठमाडौं क्षेत्र नं ३ बाट नेपाली कांग्रेसको केन्द्रीय महाधिवेशन प्रतिनिधिमा सबैभन्दा धेरै मतप्राप्त गरेका छन् । केन्द्रीय महाधिवेशन प्रतिनिधिमा बिजयी भण्डारीले कुल खसेको ३ सय ६६ मतमध्ये २ सय ३८ मत पाएका थिए ।


राष्ट्रियता, लोकतन्त्र र समाजवाद



नेपाली कांग्रेस
१४ औं महाधिवेशन

हार्दिक आभार



नेपाली कांग्रेसको १४ औं महाधिवेशन अर्न्तगत काभ्रेको जिल्ला अधिवेशनबाट सभापतिमा निर्वाचित गराउनु हुन प्रतक्ष्य अप्रतक्ष्य सहयोग गर्नु हुने सबैलाई हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दै निर्वाचित जिल्ला कार्यसमिति तथा प्रतिनिधि साथीहरु सबैलाई हार्दिक बधाई तथा सफल कार्यकालको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

जय नेपाल !

तीर्थ लामा
जिल्ला सभापति
काभ्रेपलाञ्चोक जिल्ला समिति
नेपाली कांग्रेस

# काठमाण्डौ क्षेत्र नं ३(ख)को सभापतिमा विमल ठकुरी निर्वाचित



काठमाडौं । नेपाली कांग्रेस काठमाण्डौ क्षेत्र नं ३ प्रदेश सभा (ख) मा विमल ठकुरी विजयी भएका छन । प्रदेश सभा (ख) को अधिवेशनमा सभापतिमा विजयी बनेका ठकुरीले १५५ मत प्राप्त गरेका थिए भने उनका प्रतिद्वन्द्वी श्रीकृष्ण थापाले ६४ मत प्राप्त गरेका थिए ।

त्यसैगरि उपसभापतिमा उम्मेदवार रहेका वच्चुराम शर्मा र विकेस श्रेष्ठ विजयी बनेका छन् भने सचिवमा जयराम महत र मुरारी प्रसाद भण्डारी विजयी भएका छन् । त्यस्तै सो अधिवेशनबाट सह सचिवमा इन्दिरा ढकाल (दाहाल) र रेखा बस्नेत विजयी बनेका छन् ।

# काठमाण्डौ क्षेत्र नं ३ प्रदेश(क) मा श्रीराम चालिसेको प्यानल विजयी



काठमाण्डौ क्षेत्र नं ३ (क) मा श्रीराम चालिसेको प्यानल विजयी विजयी भएको छ । मंसिर ३ गते भएको अधिवेशनमा सभापतिमा विजयी बनेका चालिसेले ७६ मत प्राप्त गरेका थिए भने उनका प्रतिद्वन्द्वी चन्द्रदीप लामा (कान्छु) ले ५३ मत प्राप्त गरेका थिए ।

त्यस्तै चालिसेको प्यानलबाट उपसभापतिमा उम्मेदवार रहेका केशव प्रसाद पुडासैनी र पविन भट्ट विजयी भएका छन भने सचिवमा पनि सोहि प्यानलका ईश्वर पुडासैनी र राजेश थापा विजयी बनेका छन् ।

त्यस्तै सो अधिवेसनबाट सह सचिवमा लक्ष्मी पुडासैनी (दुर्गा) र गंगा लामा विजयी बनेका छन् ।


GlobalOnline Khabar

ग्लोबल अन्लाईन खबर

विश्वभरका नेपालीको खबर

www.globalonlinekhabar.com

www.gokarneshworkhabar.com

गोकर्णेश्वर खबर

Gokarneshwor Khabar

# युवा नेता गणेश लामा कांग्रेस केन्द्रीय सदस्यमा निर्वाचित

काठमाडौं । नेपाली कांग्रेसको १४ औं महाधिवेशन अन्तर्गत सम्पन्न निर्वाचनबाट नेपाली कांग्रेस काभ्रेका युवा नेता गणेश लामा नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । लामा केन्द्रीय सदस्यमा खुलाबाट ३५ जनामा पर्न सफल भई केन्द्रीय सदस्यमा विजयी भएका हुन् ।

खुल्ला तर्फ ३५ सदस्य मध्ये लामा लोकप्रिय १७८२ मत सहित २० औं स्थानमा निर्वाचित भएका छन् । खुल्ला ३५ सदस्य तर्फ ९९ जनाले उम्मेदवारी दिएका थिए ।

गणेश लामा विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम हुँदै कांग्रेसमा स्थापित भएका हुन् ।

काभ्रेबाट प्रदेशसभा सदस्यको उम्मेदवार रहेका लामालाई नेपाल लोकतान्त्रिक फोरम र नेपाली कांग्रेस पार्टी समायोजनका क्रममा केन्द्रीय सदस्य नबने पनि लामा १४ औं महाधिवेशनबाट खुल्लातर्फ निर्वाचित हुँदै कांग्रेस केन्द्रीय सदस्यमा पहिलोपटक प्रवेश पाएका छन् ।






# राप्रपालाई शक्तिशाली बनाउँने अध्यक्ष लिङ्देनको दावी

काठमाडौं । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का अध्यक्ष राजेन्द्र लिङ्देनले राजसंस्था र हिन्दुराज्य चाहिन्छ भन्ने समुदायलाई समेटेर आगामी छ महिनाभित्र पार्टीलाई शक्तिशाली बनाउने दाबी गरेका छन् ।

शनिबार झापाको बिर्तामोडमा पार्टीको जिल्ला कार्य समितिले आयोजना गरेको बधाई तथा शुभकामना कार्यक्रममा अध्यक्ष लिङ्देनले परिवर्तन र विकास चाहने ठूलो पङ्तिको अपेक्षा राप्रपासँग भएको बताउँदै पार्टीलाई आगामी आमनिर्वाचनबाट मुलुककै अग्रणी शक्तिको रुपमा स्थापित गरेर देखाउने दाबी गरे ।

कुर्सीमा बस्ने लोभ र महत्वाकांक्षाले नभएर मुलुकमा परिवर्तन ल्याउने हिम्मत बोकेर पार्टीको अध्यक्ष बनेको बताउँदै उनले राप्रपाले सदन र सडक दुबैबाट आफ्नो आवाज उठाउने र जुन बाटोबाट छिटो उपलब्धी हुन्छ त्यही मार्ग लिने बताए ।

राप्रपाको हालै सम्पन्न महाधिवेशनबाट अध्यक्षमा निर्वाचित भएपछि उनले पहिलोपटक गृह जिल्लामा आएर कार्यकर्तालाई सम्बोधन गरेका हुन् ।

उनले विगतमा कांग्रेस र कम्युनिस्टलाई समेत मिलाएर हिँडेको स्मरण गर्दै पार्टीको आन्तरिक चुनावमा कसले कसलाई भोट दिएको भनेर आफूबाट कसैप्रति पनि पूर्वाग्रह नराख्ने बताए ।

कार्यक्रममा उनीलगायत केन्द्रीय कार्य समिति सदस्य र प्रदेश अध्यक्षसहित प्रदेश कार्य समितिमा निर्वाचित झापाका नेतालाई सम्मान गरिएको थियो ।





# अम्बिका बस्नेतसहित ९ महिला केन्द्रीय सदस्यमा निर्वाचित

काठमाडौं । नेपाली कांग्रेसको १४ औं महाधिवेशनअन्तर्गत खुला महिला केन्द्रीय सदस्यतर्फ नेपाली कांग्रेसकी प्रभावशाली नेतृ तथा पूर्वमन्त्री अम्बिका बस्नेतसहित ९ जना निर्वाचित भएका छन् । बस्नेतले चौथो स्थानमा २ हजार ३ सय ३९ मत ल्याईन् ।

प्रतिनिधिसभा सदस्यसमेत रहेकी डा. डिला संग्रौला पन्तले सर्वाधिक मतल्याएकी छन् । उनले २ हजार ८ सय ८५ मतल्याइन् ।

दोस्रो स्थानमा रहेकी कांग्रेस सचेतकपुष्पा भुसालले २ हजा७ सय १८ मत पाइन् । तेस्रो स्थानमा सभापति देउवाकी पत्नी डा. आरजु राणा परिन् । उनले २ हजार ५ सय ३६ मतल्याइन् ।



इश्वरी न्यौपाने २२ सय ५९ मतसहित पाँचौं, सरिता प्रसाई २ हजार ९६ मतसहित छैटौं, रमा कोइराला पौडेल १८ सय ५८ मतसहित सातौं, शुशीला ढकाल आचार्य १८ सय ४ मतसहित आठौं तथा रंगमती शाही १७ सय ८९ मतसहित नवौं भइन् ।

# वागमती प्रदेश कांग्रेस सभापतिमा ईन्द्र बहादुर बानियाँ

काठमाडौं । नेपाली कांग्रेस वागमती प्रदेशको सभापतिमा संस्थापन पक्षका उम्मेदवार ईन्द्र बहादुर बानियाँ निर्वाचित भएका छन् ।

दोस्रो चरणको निर्वाचनमा संस्थापनइतर पक्षका उम्मेदवार जगदीश्वरनरसिंह केसीलाई पराजितगरेका हुन ।

बानियाँले १ हजार ८५ मत प्राप्त गरे । केसीले ९ सय २७ मत पाए । यसअघि पहिलो चरणको निर्वाचनमा बानियाँले ९ सय ९२ र केसीले ८ सय ७२ मत ल्याएपछि आज दोस्रो चरणको मतदान भएको थियो ।

पहिलो चरणमा तेस्रो भएका उम्मेदवार तथा कांग्रेस नेता कृष्णप्रसाद सिटौला पक्षधरका भीमसेन दास प्रधानले समर्थन गरेका थिए । बानियाँ कांग्रेस मकवानपुरका सभापतिसमेत हुन् ।



सभापति शेरबहादुर देउवानिकट बानियाँ वागमती प्रदेश संसदीय दलका नेतासमेत हुन् ।




# सबैको विश्वासको गुन चुनावमा पार्टीलाई जिताएर चुकाउने छु : युवा नेता गणेश लामा

काठमाडौं । नेपाली कांग्रेसको १४ औं महाधिवेशनबाट खुला केन्द्रीय सदस्यमा निर्वाचित युवा नेता गणेश लामाले कांग्रेसजस्तो लोकतान्त्रिक पार्टीमा प्रतिस्पर्धाबाट निर्वाचित भए पछि जिम्बेवारी बढेको महशुष भएको बताएका छन् ।

उनले आफ्ले युवाहरुको भावनालाई सम्मान गर्दै र राजनीतिमा युवाहरुलाई समेट्दै कांग्रेसलाई बलियो बनाउन निरन्तर क्रियाशिल भईरहने बताए । उनले अगाडी भनें- 'नेपालमा युवा बेरोजगारीको समस्या विकराल छ । युवा स्वरोजगारीता अभिवृद्धिका लागि निरन्तर आवाज उठाउने छु ।'

नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा खुला केन्द्रीय सदस्यका लागि प्रतिस्पर्धा गरेका ९९ उम्मेदवारमध्ये लामा १७८२ मतसहित खुलातर्फ ३५ जना केन्द्रीय सदस्यभित्र पर्न सफल भए । उनले ३५ जनामा ३० औं स्थानमा आफूलाई विजयी बनाउन सफल भए । लामा विजय गच्छदारसँगै २०७४ को चुनावअघि फोरम लोकतान्त्रिक पार्टी समायोजन भई कांग्रेसमा आएका थिए । फोरममा केन्द्रीय सदस्य रहेका लामा पाँच वर्षपछि देशकै पुरानो पार्टीको निर्वाचित केन्द्रीय सदस्य बन्न सफल भएका हुन् ।

लामाले देशभरका शुभचिन्तक, साथीभाइ, महाधिवेशन प्रतिनिधिहरुको सहयोग र विश्वासले निर्वाचित भएकोमा कृतज्ञता व्यक्त गर्दै पार्टीलाई तीनै तहको चुनावमा बलियो बनाउन दिनरात नभनी खटिने प्रतिवद्धता व्यक्त गरे । उनले सबैको विश्वासको गुन चुनावमा पार्टीलाई जिताएर चुकाउने पनि बताए ।

लामाले आम नेता कार्यकर्ताको मन जितेर पार्टी केन्द्रीय सदस्यमा निर्वाचित भए पछि आफ्नो सामाजिक राजनीतिक भूमिका र संघर्षलाई अपमानित गर्दै 'गुण्डा नाइके' र 'डन' जस्ता शब्द जोडेर समाचारहरु आईरहेको प्रति खेद व्यक्त गरेका छन् ।

उनले आफू माथी केही मिडियाले निराधार आरोप लगाएको बताउँदै आफूले कमजोर वर्गका मानिसहरुलाई समाज सेवा मार्फत र देश र जनताको लागी राजनीति मार्फत सेवा गरिरहने बताए । उनले बहत्तर सालको भूकम्प तथा आर्थिक अवस्था कमजोर भएका बिरामीको उपचारका साथै कोरोनाको महामारीमा लकडाउनको त्रासका बिच जनतालाई सेवा गरेको स्मरण गर्दै आम जनताको खुसी र भलाईका लागि सहयोग गर्न आफू सँधै तत्पर रहेको समेत बताए ।




# नेपालमा कृषिको आधुनिकीकरण र किसानको हित

रिता यसमाली मगर

नेपालमा किसानहरूको समस्या धेरै छ । विशेष गरी निर्वाहमुखी खेति किसानीबाट जीविकोपार्जन गर्ने देशको आधा भन्दा धेरै जनसंख्याको रोजीरोटीको व्यवस्थापन गर्ने साना किसानको समस्या धेरै छ ।

एकातिर, कृषि विकासको लागि आवश्यक श्रम संख्यामा उपलब्ध भए पनि आधुनिक र व्यवसायिक कृषिका लागि आवश्यक दक्ष जनशक्ति, पूँजी, आधुनिक कृषि औजार, बजार आदीको समस्या रहेको छ ।

अर्कोतिर, कृषि विकासका लागि सरकारले दिने सुविधाहरु बारे किसानहरूलाई जानकारी छैन । थोरै जानकारी भए पनि आवश्यक प्रक्रिया र डकुमेण्टेसनको बारेमा ज्ञान नहुँदा लक्षित वर्गका साना किसानहरूले सहुलियत ऋण, कृषि औजार, बीउबीजन र व्यवसायिक खेतिका लागि आउने अनुदानबाट फाइदा लिन सकेका छैनन् ।

सरकारका सहुलियत र अनुदान पहुँचवालाले पचाउने र उत्पादित वस्तु र बजारसँग प्रतक्ष्य पहुँच नहुँदा फाईदा बिचौलिया, दलालहरुले खाने, वास्तविक किसान मर्कामा पर्ने गरेका छन् । दुःख र घाटा किसानलाई हुने, फाईदा टाठाबाठा र बिचौलियाले खाने अवस्था रहेसम्म देशमा न त किसानको हित हुन्छ । न त नेपालको कृषिको विकास र आधुनिकीकरण नै सम्भव छ ।



तसर्थ, किसानहरूलाई जागरूक बनाउँदै, संगठित गर्दै, सरकारका कृषि नीति, योजना, कार्यक्रमको सही जानकारी किसानसम्म पुर्याउने र वास्तविक किसानहरूलाई गाउँघरमै गएर सरकारले दिने सुविधाहरु कसरी लिन सकिन्छ भन्ने बारेमा बुझाउन आवश्यक छ ।

कृषिको विकास र आधुनिकीकरणका लागि सहि सुचना किसानले पाउने, किसानका लागि छुट्याईएका सुविधा साना किसानले गाउँ घरमै बसेर लिन सक्ने, कृषि औजार, सहुलियत, अनुदान आदी वितरणमा किसान समुहहरु परिचालन गर्ने हो भने सरकारको लगानी वास्तविक किसानले पाउने र अन्य बीचौलिया, दलालहरुले सररकारको सुविधा दुरुपयोग गर्ने संभावना न्युन हुनेछ । जसले नेपालका किसानको हित र नेपालमा कृषिको आधुनिकीकरण र विकासमा टेवा समेत पुग्ने थियो । □



# जिपछिरिङ लामाको राजनीतिक यात्रा

युवराज गौतम

जिपछिरिङ लामा शेर्पा वि.स. २०१२ सालमा दोलखाको जिरी नगरपालिकाको स्यामा गाउँमा जन्मिए । त्यहीं हुर्के, बढे र पढे । लेकाली गाउँमा चौरी र भेडा चराउँदै उनको बाल्यकाल बित्यो । पाँच दाजुभाइ र एक दिदी मध्येका काइँला उनी सानैदेखि मेहेनती र जिज्ञासु स्वाभावका थिए । सोझो र इमानदार व्यक्तिको पहिचान बनाएका बुबा तेम्मिमा लामा शेर्पा र आमा डाङोमा लामाको कोखबाट जन्मिनु उनका लागि सौभाग्य थियो ।

किनकि उनको पनि स्वाभाव र आनीबानी सहयोगी र मेहेनती व्यक्तिका रूपमा स्थापित बन्यो । हुनत मान्छेलाई सबै कुराले साथ कहिल्यै नदिने रहेछ । जिपछिरिङको जीवनमा पनि पढाइका लागि भौगोलिक विकटता, पारिवारिक र आर्थिक अवस्था प्रमुख कारक बन्यो । उनले कक्षा ५ भन्दा माथि पढाइ लैजान सकेनन् ।

'मान्छेको जीवन सोचेजस्तो नहुने रहेछ । म १०वर्षको हुँदा बुबा बित्नुभयो । बुबाले मंसिरबाट स्कूल जानुपर्छ भन्नुभएको थियो । तर उहाँ कार्तिकमै स्वर्गबास हुनु भयो । तर पनि जेनतेन प्राथमिक शिक्षा पूरा गरें,' उनले भने, 'ठूलो खेतीपाती, भेडा, चौरी र घोडाको रेखदेखमा बाल्यकालको धेरै समय बिताउनु पर्यो । चौरी र भेडा चराउनु पर्ने र निरन्तर सात दिनसम्म हलो जोत्नुपर्ने बाध्यता थियो । स्कूल टाढा थियो । जान आउन उस्तै कठिन थियो । जसका कारण पढाइमा पूर्णविराम लाग्यो ।'

बुबाको निधनसँगै परिवारमा अंश भागबण्डा गर्नुपर्ने बाध्यता बन्यो । त्यसबेला उनी ११ वर्षका मात्र थिए । अंश भागबण्डा भएपछि जिम्मेवारी थपिँदै गयो । दायित्व बढ्दै गयो । कमाउनु पर्ने मानसिक दवाव बढ्यो । उमेर बढ्दै गएपछि बिहेवारी र घर गरी खानुपर्ने कर्तव्य बढ्दै गयो । जिपछिरिङको जीवनमा जिम्मेवारीको बोझ बढ्दै गयो । भविष्यको चिन्ताले मनमा अनेक विकल्पहरू सोच्न थाले ।

### त्यसपछि झोला बोकेर विदेशतिर

सामान्यत: न्यून आयस्तर भएका नेपाली युवाहरूको विकल्पको माध्यम परदेश नै हो । घर छाडेर विदेसिनुपर्ने नेपालीको परम्परा बसिसकेको छ । बाल्यकालदेखि नै जीवनमा अनेक हन्डर ठक्कर खाएका जिपछिरिङले पनि




विदेश रोजे । धनगढी हुँदै उनी २०२८ सालमा भारत पसे । काम खोज्दै भौतारिए । कठिन श्रम गरे ।तर घरबाट आमाको बिलौना अघि उनको केही लागेन । 'विदेशी भूमिमा संघर्ष गरिरहेकै थिएँ । घरबाट आमाले पटक पटक खबर पठाउनुभयो । धेरै चिन्ता गर्नुभयो । त्यसपछि आठ महिना बसेर गाउँ नै फर्किएँ', उनले भने, 'त्यसपछि गाउँमै बसेर हलो जोतें र चौरी पाल्न शुरू गरें ।'

करिब एक बर्ष उनले खेतीपाती र चौरीपालनमा बिताए । के गरौं र कसो गरौं भन्ने उमेर भएकाले उनले चौरीपालनलाई पनि निरन्तरता दिन सकेनन् । बिकल्पको बाटो रोजे । पैसा कमाउने, सुखी र खुशीको जीवन जिउने बाटाहरू खोज्न थाले ।

### अनि शुरू भयो ठेक्कापट्टा

त्यसबेला जिपछिरिङका दाजु जाम्बा लामा काठमाडौंमा नै बस्थे । हाल राम्रो ख्याती कमाएको मुलुकको नामी निर्माण कम्पनी 'लामा कन्ट्रक्सन' दाजुले स्थापना गरिसकेका थिए । 'घ' श्रेणीमा दर्ता गरेको उक्त कम्पनीले राम्रै काम गरिरहेको थियो । वि.स. २०३३ सालमा जिपछिरिङ काठमाडौंमा उक्लिए र कम्पनीको काममा दौडिन थाले । दाजुलाई सहयोग गर्न थाले । बिस्तारै पैसा कमाउन र हौसला बढ्न थाले ।

'ठेक्कापट्टामा लाग्न थालेपछि अलिअलि गर्दै पैसा कमाइ हुन थाल्यो । गोरखा, नारायणगढ सडक, पोखरा जलविद्युतमा काम त्यसैबेला गर्ने मौका मिल्यो । पैसाले साहस मिल्दै गयो । सामाजिक र राजनीतिक भावनाको विकास पनि सोही बेला बढेको हो', उनले विगत सम्झिँदै भने, 'त्यसबेला बहुदल र निर्दलको चर्चा शुरू भइसकेको थियो । म भित्रभित्रै सक्रिय हुन थालिसकेको थिएँ । कम्पनीको कामसँगै राजनीतिमा समय दिन थालिसकेको थिएँ ।'

बुबाको निधनपछि टुहुरो भएका उनी २०४६ सालतिर दाजुको पनि मृत्यु भयो । उनमा थप जिम्मेवारी थपियो । कम्पनीको सारा काम आफ्नो काँधमा आइलाग्यो । त्यसपछि उनले कम्पनीलाई 'क' श्रेणीमा दर्ता गराएर थप बलियो र विश्वासिलो बनाए । विभिन्न कामहरू जिम्मा लिएर कम्पनीको मुनाफालाई बढाउँदै लगे र आफूलाई राजनीतिमा सक्रियता बढाए ।

## राजनीतिप्रति मोह

२०३६ सालमा निर्दल र बहुदलको चर्चा व्यापक थियो । मान्छेहरू दुई कित्तामा विभाजित थिए । आन्दोलन चर्किरहेको थियो । जिपछिरिङले बहुदलको कित्ता रोजे । 'भीमबहादुर तामाङ, आङदोर्जे लामा, आङछिरिङ शेर्पालगायतको संगतले मैले बहुदल रोजेको हुँ । निर्दलमा कृष्णप्रसाद उप्रेतीहरू जिल्लामा सक्रिय थिए । तर निर्दलले जित्यो । आङदोर्जेलाई मुद्दा लाग्यो । सर्जिवन बस्न हामी पनि गयौं', उनले बहुदलीय व्यवस्था प्राप्तीको संघर्ष सुनाउँदै भने, 'त्यसबेला प्रधानपन्चलाई कालो मोसो दल्ने जस्ता बदबासी कामहरू भएका थिए । तर हामीले त्यो बाटो रोजेनौं । इमानको राजनीतिक संस्कार प्रदर्शन गर्यौं ।'

'बाङचु शेर्पाहरूलाई मुद्दा लाग्दा तत्कालीन प्रधानपन्च चक्रबहादुर कार्कीको सम्बन्ध बुवासँग राम्रो भएकाले मलाई मुद्दा लगाएनन् । सोझो र इमानदार बाबुको छोरा भनेर छाडिदिए' उनले भने ।

जस्तोसुकै चुनौती र समस्या आए पनि निर्माण व्यवसायसँगै राजनीतिलाई उनले निरन्तरता दिइनै रहे । त्यसबेला आङछिरिङ ठमेलमा बस्थे । उनी त्यहाँ गइरहन्थे । राजनीतिक गफहरू सुन्ने र बुझ्ने गर्दथे । 'आङछिरिङ धेरैजसो बीपी कोइरालाको कुरा गरिरहनु हुन्थ्यो । भीमबहादुर दाइ पनि आइरहनुहुन्थ्यो । त्यसैबेला दमननाथ ढुंगानासँग मेरो चिनजान भएको हो । यो चिनजानले मलाई राजनीतिमा थप प्रेरणा मिलेको हो', राजनीतिक यात्राको विगत सुनाउँदै उनले भने ।

## काँधमा राजनीतिक जिम्मेवारी

राजनीतिमा इमान्दारिता, क्रियाशीलता र अनुशासन कायम राख्न सक्यो भने अवसरहरू आफैं खोज्दै आउने रहेछ भन्ने कुराको जिवित उदाहरण हुन् जिपछिरिङ । सामाजिक कामसँगै राजनीतिमा क्रियाशील बनेका उनले २०४६ सालको जनआन्दोलनपछि थुप्रै जिम्मेवारी लिंदै गए ।

त्यसबेला उनी नेपाली कांग्रेस दोलखा–काठमाडौं सम्पर्क समितिको सभापतिमा चयन भए । जसले उनको राजनीतिक करियरलाई थप मद्दत मिल्दै गयो । 'त्यसबेला हामीलाई राजनीतिमा खुबै रस थियो । सम्पर्क समितको जिम्मेवारी लिएपछि हप्तैपिच्छे बैठक राख्न थाल्यौं । संगठन विस्तारको संजाल काठमाडौंदेखि दोलखासम्म विस्तार गर्दै लग्यौं । काठमाडौंमै आर्थिक संकलन गरेर महिनैपिच्छे जिल्लाको पार्टी कार्यालय संचालनका लागि ३५ सय रूपैंयाँ पठाउने गरेका थियौं ।'

तर यो जिम्मेवारी धेरै समय टिक्न पाएन । २०४८ सालमा भीमबहादुर तामाङले चुनाव हारेपछि सम्पर्क समिति विघटन गरिदिए । राजनीतिमा एउटा उचाइ लिइसकेका जिपछिरिङ जिल्लाको संगठनमा सक्रिय भए । जिल्ला कार्य समितिमा दुई कार्यकाल सदस्य भए । त्यसपछि नवौं महाधिवेशनदेखि निरन्तर महाधिवेशन र महासमिति सदस्यको भूमिकामा रहे । २०५६ सालको १० औं महाधिवेशनमा उनी केन्द्रीय सदस्यमा चुनाव लडे । तर कुनैपनि टीममा नपर्दा पराजित भए । राष्ट्रियसभामा मध्यमान्चलबाट उम्मेदवार पनि भए । 'त्यसबेला मैले मात्र चुनाव हारेको होइन । भुविक्रम नेम्बाङ, भीमबहादुर दाइहरू जस्ता हस्तीले पनि चुनाव हारेका थिए', उनले भने ।

कांग्रेसको राजनीतिसँगै उनी निर्माण व्यवसायी महासंघको गतिविधिमा पनि सक्रियता जनाइरहेका थिए । महासंघमा पनि दुई कार्यकाल सदस्य हुँदै २०५६ सालमा अध्यक्षमा निर्वाचित भए । जसका कारण उनलाई कांग्रेसको राजनीतिमा देशभर संजाल विस्तार गर्न सहज बनाइदियो ।

'त्यसैबेला म चाइना, हङकङ हुँदै अष्ट्रेलिया र अमेरिकामा छोराहरू भेट्न गएको थिएँ । यता नेपालमा कांग्रेस विभाजित हुने अवस्थामा पुगेछ । गिरिजाप्रसाद कोइराला र शेरबहादुर देउवा विभाजनको अवस्थामा पुगेछन् र पार्टी फुट्यो', उनले स्मरण गरे, 'पार्टी विभाजित हुने भएपछि म देउवातिर लागें ।

क्रमशः अर्को अंकमा

# मेरो राजनीतिक जीवन

## जनताको सेवामा समर्पित : युवा नेता गणेश लामा



काठमाडौं । 'उत्साह, एकता, रुपान्तरण : सफल बनाऔं १४ औं महाधिवेशन' भन्ने मूल नाराका साथ नेपाली कांग्रेसको १४औं महाधिवेशन अन्ततः २४ मंसिरबाट काठमाडौंमा सुरु भयो । महाधिवेशनको उद्घाटन, निर्वाचन प्रक्रिया, मतदान र मतगणना प्रक्रियासँगै महाधिवेशन झण्डै २० दिन पश्चात् सम्पन्न भयो ।

कांग्रेसको अघिल्ला महाधिवेशन भन्दा यसपटकको महाधिवेशन फरक देखिएको छ । यस पटक युवा प्रतिनिधिहरूको उल्लेख्य उपस्थितीमा केन्द्रीय समितिमा निर्वाचित युवाहरूको प्रतिनिधित्व पनि उल्लेख्य रह्यो । नेपाली राजनीतिमा दलीय गुटउपगुट हुनु सामान्य जस्तै भए पनि यद्यपी केही महिना अघि सम्पन्न एमालेको अधिवेशन भन्दा कांग्रेसको अधिवेशन भिन्न र लोकतान्त्रिक देखिएको विश्लेषकहरू बताउँछन् । यस अर्थमा पनि कांग्रेसमा आम कांग्रेस कार्यकर्ता र जनताले समेत मनपराएका नेताहरू पदाधिकारी र केन्द्रीय सदस्यमा निर्वाचित भएका छन् । आफूले चाहेको पद र विधानले समेट्ने पदमा स्वतन्त्रता पूर्वक उम्मेदवारी दिएर हार जितको फैसला महाधिवेशन प्रतिनिधिका हातमा सुम्पनुले नेपाली कांग्रेस नेपालको वास्तविक लोकतान्त्रिक पार्टी भएको पुष्टि गर्छ ।

राजनीतिमा धैर्यता भए जनता र देशको सेवा गर्ने अवसर एक दिन अवश्य आउँछ भन्ने भनाईको उदाहरण हुन् कांग्रेसका युवा नेता गणेश लामा । लामा २०७० को संविधानसभाको निर्वाचन र २०७४ को प्रदेश सभाको निर्वाचनमा पराजित हुनु पुगेका थिए । तर निर्वाचनमा पराजित भएपनि आफ्नो निर्वाचन क्षेत्रमा भने निरन्तर जनताको सेवा र विकासका काममा खटिरहेका हुनाले उनी अहिले काभ्रे जिल्लाकै प्रथम निर्वाचित केन्द्रीय सदस्य हुने अवसर लामाले पाए । उनी राजनीतिमा सहकार्य र एकताले नै पार्टी संगठन बलियो हुने र एकताबद्ध नेता, कार्यकर्ताले जनताको हितमा धेरै काम गर्न सक्ने बताउँछन् । त्यसैले समाज र राजनीतिक काममा सबैसँग मिलेर अगाडी बढ्न आफू हरदम तयार रहेको बताउँछन् । उनले राजनीतिले देश र जनताको सेवा तथा सामाजिक विकास हुन सक्दैन भने त्यस्तो राजनीति कसैले पनि गर्न नहुने बताए । उनले सबैको हित र सर्वत्र विकासको लागि एकता र सहकार्यका साथ अगाडी बढ्न समेत आग्रह गरेका छन् । उनले सहकार्य र एकताको लागि आफू सँधै एक कदम अगाडी बढेर कार्य गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

१४ औं महाधिवेशनले कांग्रेस पार्टीमा जबरजस्त केही आशा लाग्दा युवाहरूको संख्यालाई पनि पदाधिकारी देखि केन्द्रीय तहमा




केन्द्रीय सदस्यमा निर्वाचित भएको प्रमाण पत्र लिनु हुँदै युवा नेता गणेश लामा ।

निर्वाचित गरेको छ । त्यसमध्येमै पर्दछन् काभ्रेका युवा नेता गणेश लामा । लामा केन्द्रीय सदस्यमा खुलाबाट ३५ जनामा पर्न सफल भएका छन् । खुल्ला तर्फ ३५ सदस्य मध्ये लामा लोकप्रिय १७८२ मत सहित ३० औं स्थानमा निर्वाचित भएका छन् । खुल्ला ३५ सदस्य तर्फ ९९ जनाले उम्मेदवारी दिएका थिए ।

गणेश लामा विजयकुमार गच्छदार नेतृत्वको नेपाल लोकतान्त्रिक फोरम हुँदै कांग्रेसमा स्थापित भएका हुन् । काभ्रेबाट प्रदेशसभा सदस्यको उम्मेदवार रहेका लामालाई नेपाल लोकतान्त्रिक फोरम र नेपाली कांग्रेस पार्टी समायोजनका क्रममा केन्द्रीय सदस्य नबने पनि लामा १४ औं महाधिवेशनबाट खुल्लातर्फ निर्वाचित हुँदै कांग्रेस केन्द्रीय सदस्यमा पहिलोपटक प्रवेश पाएका छन् । लामा ३५ जनाभित्र खुल्ला सदस्य तर्फ मात्र अटाएनन् लामाले काभ्रे जिल्लाबाट निर्वाचित केन्द्रीय सदस्यको रूपमा कांग्रेसमा एउटा इतिहास पनि रचेका छन् ।

## युवा नेता गणेश लामाको राजनीतिक यात्राका विविध पाटाहरू

